धितोपत्र धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमति खुल्ला, सरल, विश्वसनीय तथा पारदर्शी रुपमा गर्न गरिएको व्यवस्थाहरु

(क) अनुमति प्रदान गरिने व्यवसायी, कार्यहरु, पूँजी तथा दस्तुर सम्बन्धी विवरण

क्र.स.	अनुमति प्रदान गरिने व्यवसायी	मुख्य कार्यहरु	पूँजी	निवेदन दस्तुर	अनुमतिपत्र दस्तुर	बार्षिक शुल्क
१	सिमित कार्य गर्ने धितोपत्र दलाल सेवा	• सम्बन्धित ग्राहकको नामबाट मात्र ग्राहकको आदेश अनुसार धितोपत्र खरिद वा विक्री गर्ने,	रु २० करोड	रु ५० हजार	रु २५ लाख	रु १ लाख ५० हजार
२	पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवा	• सम्बन्धित ग्राहकको नामबाट मात्र ग्राहकको आदेश अनुसार धितोपत्र खरिद वा विक्री गर्ने, • मार्जिन कारोवार सम्बन्धी कार्य, • लगानी परामर्श सेवा सम्बन्धी कार्य, लगानी व्यवस्थापन सम्वन्धी कार्य, • निक्षेप सदस्य सम्बन्धी कार्य	रु ६० करोड	रु १ लाख	रु ५० लाख	रु ३ लाख
३	धितोपत्र व्यापारी	• आफ्नो नामबाट धितोपत्र खरिद वा विक्री गर्ने, • धितोपत्र दलालको कार्य गर्ने, • धितोपत्र प्रत्याभूतिको कार्य गर्ने, • योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने,	रु १५० करोड	रु २ लाख	रु १ करोड	रु ५ लाख

(ख) अनुमतिपत्र दिने प्रकृया तथा समय:

- धितोपत्र बजारले पहिलो आर्थिक वर्षको हकमा ३० दिनको समय दिई निवेदन माग गर्ने । तत् पश्चात प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र इच्छुक कम्पनी वा संगठित संस्थाले सिफारिसको लागि धितोपत्र बजार समक्ष निवेदन दिने,
- धितोपत्र बजारले नियमावलीको व्यवस्थाहरु पूरा भए नभएको जाँचबुझ गरी निवेदन प्राप्त भएको मितिले पैतिस दिन भित्र बोर्ड समक्ष सिफारिश गर्नु पर्ने,
- तोकिएको समय भित्र सिफारिश गर्न नसकेमा सो को मनासिव कारण सहित बोर्डलाई जानकारी गराउनु पर्ने,
- नियमावलीले गरेको व्यवस्थाहरु पूरा गरेको देखिएमा बोर्डले पन्ध्र दिनभित्र निवेदकलाई पूर्वाधार तयार गर्न सूचित गर्ने,

(ग) अनुमतिपत्र दिने मुख्य मापदण्डहरु:

- पूँजी
- अनुमति प्रदान सम्बन्धी दस्तुरहरु
- संचालकहरुको योग्यता
- संस्था प्रमुखको योग्यता
- सूचना प्रविधि